MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजत प्राप्त वित्तिय संस्था)
(पाँच जिल्ला कार्यक्षेत्र भएको)
(सुनसरी, मोरङ्ग, झापा, धनकुटा र उदयपुर)
Banking and beyond

च.नं.:001/OP/173/078-79

मिति :२०७८।०९।०६

श्रीमान् प्रमुख ज्यू
नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषयः सोह्रौं वार्षिक साधारण सभाको जानकारी सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैकको मिति २०७८।०९।०६ गते बसेको संचालक समितिको २१३ औं बैठकले बैकको सोह्रौं वार्षिक साधारण सभा यहि आउदो पौष २०७८।०९।२८ गते बुधवार सुनसरी उद्योग वाणिज्य संघ, धरान १, सुनसरीमा विहान ११ बजे बस्ने भएको हुँदा शेयरधनीहरुको जानकारीको लागी मिति २०७८।०९।०७ गतेको आर्थिक अभियान दैनिक र मिति २०७८।०९।०८ को कारोवार दैनिकमा प्रकाशित गरीने र सो प्रकाशन गरिने सुचनाको मस्यौदा एक प्रति यसै साथ संलग्न राखि पेश गरेको व्यहोरा जानकारीको लागी अनुरोध छ ।

(तुलसी प्रसाद वस्ती)
कम्पनी सचिव / प्रमुख कार्यकारी अधिकृत

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

**Head Office**
Dharan-12, Mahendra Path, Sunsari, Nepal
Tel.: 025-531317,533505 Fax : 025-531354
Email : info@miteribank.com.np
website : www.miteribank.com.np

MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond
(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजत प्राप्त संस्था)
महेन्द्रपथ, धरान १२ सुनसरी, नेपाल फोन नं. ०२५-५३१३१७/५३३३१७ फ्याक्स नं. ०२५-५३१३५४
E-mail: info@miteribank.com.np, Url : www.miteribank.com.np

# १६औं वार्षिक साधारण सभा सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०९/०७ गते)

**श्री शेयरधनी महानुभावहरु,**

यस बैंकको मिति २०७८/०९/०६ गते बसेको सञ्चालक समितिको २१३ औं बैठकको निर्णयानुसार निम्न लिखित बिषय उपर छलफल गरी निर्णय गर्न यस बैंकको १६औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७८/०९/२८

समय : बिहान ११:०० बजे ।

स्थान : सुनसरी उद्योग बाणिज्य संघ, धरान १, सुनसरी

**छलफल तथा निर्णयको लागि निर्धारित बिषय सुचि :**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०७७/०७८ को बार्षिक प्रतिबेदन उपर छलफल गरी प्रतिबेदन पारित गर्ने ।

२. लेखा परिक्षकको प्रतिबेदन सहितको २०७८ अषाढ मसान्तको बासलात, २०७७ श्रावण १ गते देखि २०७८ अषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रबाह बिबरण पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को हरहिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (बर्तमान लेखापरिक्षक श्री अनुप कुमार श्रेष्ठ वि. आर.एस. न्यौपाने पुन :लेखापरीक्षणको लागी योग्य हुनुहुन्छ । )

४. संचालक समितिले सिफारिस गरे बमोजिम शेयरधनीलाई बोनस शेयर कर प्रयोजनको लागि चुक्ता पुँजीको ०।७० प्रतिशतले हुने रकम रु.५५,८१,६३८।५६(अक्षेरेपी रु पचपन्न लाख एकासी हजार छसय अडतीस र पैसा छपन्न) मात्र दिने प्रस्ताव स्वीकृत गर्ने ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

५. बैंकको नियमावली बमोजिम सर्वसाधारण शेयरधनिको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख) बिशेष प्रस्तावहरु :**

१. संचालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०७७/०७८ को नाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजिको १३।३० प्रतिशतका दरले हुने बोनश शेयर रकम रु.१०,६०,५१,१३२।६९(अक्षेरेपी रु.दश करोड साठी लाख एकाउन्न हजार एकसय बत्तीस र पैसा उनन्सत्तरी) मात्र प्रदान गर्ने प्रस्ताव स्विकृत गर्ने ।

२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक परिमार्जन/संशोधन तथा थप गर्ने ।

३. मितेरी डेभललपमेन्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा बित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धमा :

अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढी उपयुक्त बैंक तथा बित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धि सम्पुर्ण प्रक्रिया अवलम्बन गरि कार्य अघि बढाउन संचालक समिति तथा यस अन्तर्गतको मर्जर समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पति र दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पुर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रबन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

१. सम्पुर्ण शेयरधनी महानुभावहरुलाई बैंकको शेयर लगतमा कायम रहेको सम्बन्धित ठेगानामा बित्तिय बिबरण सहितको बार्षिक प्रतिबेदन पुस्तिका पठाईएको छ । कुनै कारणबस उक्त बित्तिय बिबरण नपुगेमा बैंकमा सम्पर्क राखि बित्तिय बिबरण प्राप्त गर्न सक्नु हुनेछ । सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावले व्यक्तिगत रुपमा पठाएको सुचना तथा संलग्न प्रबेश पत्रका साथै शेयर प्रमाण पत्रका साथै शेयर प्रमाण-पत्रको प्रतिलिपि र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमण-पत्रको प्रतिलिपि वा सवारी चालक अनुमति-पत्र वा परिचय-पत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

२. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनेले बैंकको प्रधान कार्यालय महेन्द्रपथ, धरान १२, सुनसरीमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराईसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुन आवश्यक छ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः बदर हुनेछ ।

४. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि प्रोक्सी दिएमा सम्पुर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ ।

५. नावालक वा विछिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

६. शेयरधनीले व्यक्त गरेका मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यू वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ ।

७. सभामा भाग लिन प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका दिनको ११ बजेदेखी सभा समय सम्म खुल्ला रहनेछ ।

८. शेयरधनी महानुभावहरुलाई सु-सुचित गराउन सकियोस भन्ने दृष्टिकोणले केहि शेयरधनी महानुभावलाई बैंक सम्बन्धि जिज्ञाशा भए बिबिध बिषय अन्तर्गत त्यसको लिखित रुपमा सभा हुनु भन्दा ७ (सात) दिन अगावै बैंकको प्रधान कार्यालय महेन्द्रपथ धरान १२ सुनसरीमा पठाउनु अनुरोध छ तर यसलाई छलफल र पारित हुन प्रस्तावको रुपमा समाबेश गरिने छैन ।

**९. यस वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनको लागि शेयर दाखिल खारेज गर्ने कार्य मिति २०७८/०९/१४ गते देखि २०७८/०९/२८ गते सम्म बन्द रहनेछ ।**

१०. साधारण सभा तथा संचालक निर्वाचन सम्बन्धि जानकारी तथा अन्य आवश्यक जानकारीको लागि यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय महेन्द्रपथ, धरान १२, सुनसरी फोन नं. ०२५-५३१३१७/५३३३१७ मा सम्पर्क राख्न हुनु अनुरोध गरिन्छ ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal